# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

## २०७८/०६/१५

### आठौं अधिवेशन

### (सत्ताइसौं बैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको आठौं अधिवेशनको सत्ताइसौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु,

अब, **"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, आन्तरिक मामिला तथा कानून मन्त्री माननीय पूर्णा जोशीलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को खण्ड (क) बमोजिम **"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको दफावार छलफल सभामा गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, **"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** लाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को खण्ड (क) बमोजिम विधेयक माथिको दफावार छलफल सभामा गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब, आन्तरिक मामिला तथा कानून मन्त्री माननीय पूर्णा जोशीले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस् ।

*(“हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको दफावार छलफल सभामा गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब, **"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथि दफावार छलफलको समय प्रारम्भ हुन्छ । छलफलको क्रममा विधेयकका दफाहरुमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनु हुने प्रत्येक माननीय सदस्यहरूको लागि ५ (पाँच) मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय अमर बहादुर साउँदलाई समय दिन्छु ।

**अमर बहादुर साउँद**

माननीय सभामुख महोदय, **"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली २०७४, को नियम १०८ को उपनियम १ को खण्ड (क) बमोजिम दफावार छलफलका लागि प्रस्ताव सदनमा पेश भएको छ । यो विधेयक २०७६ मा यो सदनबाट पास भएको थियो । केही यो विधेयकमा रहेका कमीकमजोरी र यो विधेयकमा केही कार्यान्वयन पक्षमा जादा केही गारा अप्ठ्याराहरु प्रदेश सरकारलाई पर्न गएकाले यो विधेयकमा संशोधन गरेर पुन: पास गर्नका लागि सदनमा पेश गर्नु भएको छ । यसका लागि आन्तरिक मामिला तथा कानून मन्त्री अथवा सुदूरपश्चिम प्रदेश सरकारलाई म धन्यवाद दिन चाहान्छु । पक्कै पनि यो विधेयक पास भैसकेपछि अहिले प्रदेश र स्थानीय तहमा रहेको कर्मचारीहरुको अभावलाई यो विधेयक पास भैसकेपछि यसले पक्कै पनि सहजता सृजना गर्ने छ र विशेषगरी यो विधेयक संशोधित विधेयक भएका कारणले यसमा धेरै कुराहरुमा दफावार छलफलका सन्दर्भमा मैले धेरै कुराहरु यहा सुझावका लागि केही त्यस्तो भेटेको छैन र यो विधेयकमा पक्कै पनि यो संशोधित गरेर आइसकेपछि यसमा विशेष गरी मैले यो प्रदेश लोकसेवा आयोग ऐन २०७६ को प्रस्तावना प्रदेश नियमावली सेवा र स्थानीय सरकारी सेवाका पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता, निष्पक्षता र योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सेवामुखी बनाउने भनी उल्लेख भएको हुदा सो प्रस्तावको भावनालाई समेट्ने हुदा स्थानीय सरकारी ऐनको समिक्षा परीक्षा समेत प्रदेश लोसेवा आयोगले गर्न उपयुक्त हुने र साथै २ मा स्थानीय तहहरुमा स्थानीय सेवा ऐन बनि नसकेका कारण तत्काल पदपूर्ति हुने अवस्था नभइ स्थानीय तहको कार्य सम्पादनमा प्रतिकुल असर परिरहेको अवस्था विद्यमान रहेको हुदा प्रदेश लोकसेवा आयोगले विज्ञापन गरी पदपूर्तिका लागि सिफारीस गर्ने छ भन्ने एउटा महत्वपूर्ण संशोधन यसमा आएको छ यसले गर्दा खेरी प्रदेश र स्थानीय तहको जुन कर्मचारी अभाव र अहिले प्रदेश सरकार र स्थानीय सरकारहरुले बजेट कार्यान्वयन देखि अन्य प्रशासकीय कार्य गर्नु परेको जुन झन्जेटीलो प्रावधानलाई यसले समाधान गरी सहजता प्रदान गर्ने छ र आजै यो विधेयक यो सदनबाट पारित हुने छ र यथाशिघ्र यसलाई कार्यान्वयन गरी जुन प्रदेश सरकार र स्थानीय सरकारमा रहेको कर्मचारी अभावलाई छिटो भन्दा छिटो समाधान गर्ने अपेक्षा गर्दछु हवस त धन्यवाद नमस्कार ।

**माननीय भरत बहादुर खड्का**

सभामुख महोदय, समय दिनु भएकोमा म हार्दिक धन्यवाद दिन चाहान्छु । बास्तवमा यो लोकसेवा आयोग विधेयक छ यो अत्यन्त महत्वपूर्ण छ । संविधानको धारा २४३ को ९ मा लोकसेवा आयोगको अन्य काम कर्तव्य र अधिकार संघीय कानून बमोजिम हुने छ भन्ने व्यवस्था छ । त्यसैको २४४ को २ मा प्रदेश लोकसेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने छ । त्यसैको ३ मा उपधारा २ को प्रयोजनको लागि संघीय संसदले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्ने छ भन्या छ । साहेद मलाइ लाग्छ त्यही आधारमा हामीले यो विधेयक प्रस्तुत गरेको जस्तो लाग्छ र मैले यो मुल विधेयक त धेरै पढ्न पाइन अब कार्य व्यस्थताले मैले अलिकति यो संशोधनलाई हेर्दा कतिपय २-३ ओटा कुराहरु नमिल्या जस्तो मलाई अहिले पनि लाग्या छ । जस्तो यो २ को त मा स्थानीय तह भन्दा गाउँपालिका सो शब्दले जिल्ला सभा समेतलाई जनाउछ भन्या छ र अर्को तिर के भन्या छ भने त्यसको संशोधनमा जिल्ला समन्वय समिति समावेश गरिएको छ भन्या छ । म त यो जिल्ला समन्वय समितिलाई अधिकार दिनु पर्छ भन्ने मान्छे हो संविधान तह जिल्ला समन्वय समितिलाई स्थानीय तह मान्या छैन त्यसैले यो संविधान सँग बाझिने कुराहरु हामीले यो कानून बनाउदा सोतह अमान्य हुन्छ मुलभुत संविधान सँगै बाझियो, संघीय कानून सँगै बाझिए पनि अमान्य हुन्छ मुलभुत संविधान सँग बाझियो भने त झन अमान्य हुन्छ त्यसैले संविधानले स्थानीय तह भन्दा खेरी गाउँपालिका, नगरपालिका र सो शब्दले चाहिने जिल्ला सभालाई जनाउछ भन्ने शब्द संवैधानिक व्यवस्था भा हुनाले जिल्ला समन्वय समितिलाई संविधान तह यसलाई त्यो दिएको छैन त्यसैले यो संविधानको भावना विपरित हुन्छ यसलाई अधिकार सम्पन्न बनाउने कुनै अरु कानून छ । मुल संविधानको मुलमर्म र भावना अनुसार छ भने त्यो राम्रो कुरा हो तर यो संविधान सँग बाझिएको छ जस्तो मैले गरिमाय सदनमा त्यसलाई उजागर गरेर अर्को कुरा यो अनुसन्धान व्यूरोको बारेमा व्यवस्था गर्या छ यो ठिक छ ल्याउनु पर्छ यो आवश्यक हो किन भने सरकार भनेपछि यि अंगहरु पुरा नभइकन सरकार पुरा हुदैन सूचीमा पनि छ तर त्यहा अलिकति भाषा मिलेन अन्य प्रदेशमा पनि यो अन्य प्रदेशको लोकसेवा आयोग ऐनमा यो यस्तो व्यवस्था भएको भन्दा पनि अन्य प्रदेश भनेर लेख्नु हुदैन, विधेयकमा त्यो ल्याउनु हुदैन । विधेयक कानूनमा पनि अन्य प्रदेश हाम्रो प्रदेशको संविधान र कानूनले दिएको कुरा यो आवश्यक छ त्यसैले हामीले राख्यौ पो भन्ने अन्य प्रदेश भनेर कुनै कानूनले दिदैमा यस्ता शब्दहरु हाल्नु हुदैन मैले बडा अचम्म माने कानूनका विज्ञ होलान मन्त्रालय होला अन्य प्रदेशमा भनेर विधेयकमा हामीले त के भन्दा खेरी यो आवश्यक छ । हामी यो अनुसन्धान व्यूरो यो यो कारणले आवश्यक भएको हुनाले यो व्यवस्था गरिएको छ भनेर ल्याउनु पर्नेमा अन्य प्रदेशमा भनेर त्यसको औचित्य अनुमानित गर्ने किसिमका भाषाले यसको वेटेजै घटाउछ यो मिल्दा पनि मिल्दैन यो कुरामा पनि म सभामुखज्यू मार्फत सरकारको ध्यानाकर्षण गर्न चाहान्छु । यो राख्नु पनि हुदैन र अर्को कुरा के छ भन्दा खेरी स्थानीय तहहरुमा स्थानीय सेवा ऐन बनि नसकेका कारणले प्रदेश लोकसेवा आयोगले विज्ञापन गरी पदपूर्ति गर्ने छ भन्ने कुरा ठिक छ तर स्थानीय पनि सरकार हो । स्थानीय सेवा ऐन नबनुन्जेल सम्म भन्ने शब्द आउनु पर्थ्यो किन भने उसको पनि अधिकारलाई हामीले हस्तक्षप गर्ने अधिकार हामीलाई रहदैन किन भने जस्तो सूचीमा संविधानमा जस्तो प्रदेश सरकार छ त्यो स्थानीय सरकार हो अहिले त्यो सेवा ऐन नबन्या हुनाले स्थानीय सरकारमा प्रदेशले

सहजीकरण गर्ने कुरा सम्म ठिक छ तर सधैको लागि त्यो हुदैन र तल भाषा स्थानीय सेवा ऐन नबनुन्जेल सम्मका लागि भनेर यो शब्द राखिदिदा खेरी भोली स्थानीय सरकारलाई पनि ए हाम्रो सेवा ऐन बनेको छैन त्यसैले यो कुरा ठिक गर्यो भन्ने हुन्छ नत्र यो पनि कनफनटेसन हुन सक्छ त्यसैले यि अत्यन्तै दिर्घकालिन महत्वका शब्दहरु यो मैले बारम्बार के भन्ने गरेको थिए म त फेलर भैसक्या मान्छे हो यहा किन भन्दा कसैको राम्रो सल्लाह सुनेर गर्दा खेरी आफुलाई कमजोर ठान्छन मान्छेहरु तर एउटा बच्चाले पनि राम्रो सल्लाह दिन्छ भने त्यसलाई ग्रहण गर्दा त्यो राम्रो हुन्छ त्यो व्यक्तिका लागि त्यसैले मैले यो मस्यौदा यो बनाउदा खेरि कानून विज्ञ जानेको मान्छेलाई मस्यौदा बनाउनुहोस हामी विज्ञ भैकन माननीय भएका छैनौ । धेरै कुरा हामीले बुझेकै हुदैनौ पास गरिदिन्छौ त्यसैले पनि मैले के भन्ने गर्याछु भन्दा खेरी अहिले जति ऐन बन्या छन यो संविधान सँग बाझिएका छन् कति नमिल्या छन् त्यसमा एउटा विज्ञको कानूनको राखेर सरसरती हेरेर कुन कुन कुरा सुधार गर्नु पर्ने हो सुधार गर्नु पर्ने देखिन्छ त्यसैले कुनै पनि मेजर कुरा हुन र ऐन कानून बनाउने त्रुटीपूर्ण बनायौ ऐन कानून नै संविधानसँग बाझिने बनायौ, ऐन कानून नै संघीय कानून सँग बाझिने बनायौ भने त आखिर यो ऐन बनाको कुरै भएन यसले राम्रो परिणाम ल्याउदैन हामी गलत बाटोमा जान्छौ भन्ने लाग्छ र अर्को कुरा यो यहा यसै भित्र उठाउनु पर्ने के भन्दा खेरी यो स्थानीय तहमा छैटौ तहको एउटा इन्जिनियरको पदपूर्ति गर्या छ अब लोकसेवाले माग्ने सातौ तह छैटौको भोली अवस्था के हुन सक्छ यो कुरा काही मैले बोल्या देख्या छैन किन भने छैटौको अवस्था के हुने त उ भन्दा जुनियर सिनियर हुने भयो सातौमा माग्दा खेरी उ जुनियर नै हुने भो जो पहिला नै लोकसेवा पास गरि सक्या छ त्यो बारेमा पनि हामीले स्थानीय तह सँग समन्वय गरेर यो छैटौमा आएका इन्जिनियरहरुलाई कसरी व्यवस्थापन गर्दा न्यायसंवत हुन्छ भन्ने कुरा यसमा देखिएन त्यसैले यि कुराहरुमा अझ मैले भन्न खोजेको सरकारले यसलाई कसरी लिन्छ ल्याइसक्यो विधेयक संशोधन सहित ल्याइसक्यो । संशोधन ल्याउनु भनेको त मुल विधेयकमा केही कमी कमजोरी र परिमार्जित गर्नु परेकोले यो आयो अब यो आकोमा पनि मुलभूत संविधानसँग बाझिएका छन् अब मुलभूत संविधानसँग बाझिएको पास गर्नको कुनै औचित्य छैन खाली पासका लागि पास गर्यो भने यो कामै लाग्दैन किन भने मुलभूत संविधानसँग बाझि सकेका कुराहरु त स्वत: अमान्य हुन्छन फेरी संविधानले के भन्या छ त्यो त मुल संविधानसँग बाझिया छन् कतिपय र संघीय कानून सँग बाझिए पनि तलका सब खारेज हुन्छन । लेखेकै छु त हामीले संविधानमा त्यसो भएको नाताले यो कुरालाई सुधार नगरीकन यो पासै भैहाल्यो भने हामि गलत गर्दै छौ भन्ने मलाई लाग्या छ अब यसलाई सरकारले पेश भैसक्या छ मलाइ लाग्छ यो संशोधन सहित यसलाई अलि बुद्धिमत्ता पूर्वक ढंगले कसरी यसलाई व्यवस्थापन गर्ने हो सभामुख महोदय यसलाइ गर्नु उपयुक्त होला संविधान सँग बाझिएका कुराहरुलाई पास गर्दै गयौ भने समग्र सुदूरपश्चिम प्रदेशको सदनका प्रति प्रश्नवाचक चिन्ह लाग्न सक्छ यसमा हामी सबै तहका मान्छेहरुले यस प्रति सचेत भएर यसलाई कसरी व्यवस्थापन गर्ने भन्ने मेरो सभामुखज्यू मार्फत आग्रह छ धन्यवाद ।

**माननीय अक्कल बहादुर रावल**

सभामुख महोदय, प्रदेश लोकसेवा आयोग ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक यो सदनमा संशोधनका लागि प्रस्तुत भएको छ । यसका लागि धेरै विषयबस्तुहरु लामो समय देखि प्रदेश

सरकारलाई काम कारवाहीमा जटीलता र केही अपठ्याराहरु भएको र तिनलाई सहजीकरण गर्न र सुल्झ्याउनका निम्ती र कामलाई गति दिनका निम्ती यो ऐन संशोधन गर्नका निम्ती आवश्यक र औचित्यपूर्ण छ भन्ने मलाई लागि राखेको छ त्यसैले यसलाई यो संशोधनलाई हामीले पास गरेर सुदूरपश्चिम प्रदेशमा कर्मचारीको अभावमा भैराखेका सम्पूर्ण काम कारवाहीका ढीलासुस्तीहरुलाई यसले अन्त्य गर्नका निम्ती मार्ग प्रसस्त गर्ने छ त्यसैले यसलाई विभिन्न बुदाहरुमा, दफाहरुमा र उपदफाहरुमा यसका संशोधनहरु यहा प्रस्तुत भएका छन् जुन सभालाई जानकारी भैसकेको छ त्यसैले यसका सम्पूर्ण पाटापक्षमा दफा दफाहरुमा छलफल नगरी यसलाई पास गर्नका निम्ती पास गरेर लैजानु पर्छ भन्ने आफ्नो बिचार आफ्नो भनाई राख्दै विदा हुन्छु धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब, विधेयक प्रस्तुतकर्ता आन्तरिक मामिला तथा कानून मन्त्री माननीय पूर्णा जोशीलाई **"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथि छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, **"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक २०७८"** माथि भाग लिनु हुने माननीय अमर बहादुर साउँद, माननीय भरत बहादुर खड्का, माननीय अक्कल बहादुर रावलज्यूलाई म धेरै धेरै धन्यवाद दिन चाहान्छु । प्रदेशमा विगत तीन बर्षमा हामीले शुरुबाट नै एक प्रकारको कर्मचारी अभावका कारणले गर्दा खेरी समयमा हाम्रा चाहि सबै खालका कामहरु जनताले पाउनु पर्ने सेवाहरु अवरुद्ध भए त्यसको लागि पटक पटक हामीले सार्वजनिक रुपमा सरकारका तर्फबाट माफि मागेका कुराहरु छन् । समयमै सबै खालका बजेटहरु खर्च भएका छैनन । अत्यावश्यक सेवाहरु पनि हामीले कर्मचारी अभावको कारणले गर्दा खेरी प्रदान गर्न सकेका छैनौ । ढीलो भए पनि प्रदेश लोकसेवा आयोग विधेयक हामीले सभामा प्रस्तुत गर्यौं हामी सिक्दै छौ एक प्रकारले सिक्दै छौ ठक्कर लाग्दैछ लड्दै छौ फेरी उठ्दैछौ फेरी हिड्दा खेरी अगाडीबाट पछाडि फर्कनु पर्ने र र जानु पर्ने धेरै खालका कुराहरु हामीले महसुस गरि राख्या छौ । यति हुदा हुदै पनि हामीले प्रदेश लोकसेवालाई कार्यान्वयन गर्नको निमित्त केही अपठ्यारा परे जटिलता परे व्यापक रुपमा हाम्रो आन्तरिक मामिला तथा कानून मन्त्रालयमा विधेयक मस्यौदा गर्ने एउटा समिति छ कानून विद्हरुको कानून व्यवसायिहरुको एउटा समिति छ त्यो समितिले यो औल्यायो त्यस पछि हरेक मन्त्रालयमा मुख्यमन्त्री कार्यालय देखि सबै भन्त्रालयका कानूनका अधिकृत, कानूनका उपसचिव, सचिवहरुको छलफलबाट एउटा चाही हामीले संशोधन तयार गर्यौं र यो संशोधनलाई यथाशक्य चाडो सुदूरपश्चिममा आफ्नै एउटा लोकसेवा आयोगले विज्ञापन गरोस र यो ठाउँमा रहेका रिक्त पदपूर्ति गरोस हाम्रा जनतालाई दिनु पर्ने सेवारु तदारुकताका साथ हामीले प्रदान गरौ भन्ने उद्देश्यका साथ हामीले ल्याएका छौ । संशोधन भएका त्रुटीहरुलाई पुन: संशोधन गर्दै गइन्छ, सिक्दै गइन्छ अगाडी बढिन्छ अरु प्रदेशका पनि एउटा अभ्यासहरुलाई हामीले सिक्नु पर्छ किन भने पारस्परिक सहयोग र समन्वयव गर्ने खालको हाम्रो संघीयता भएको हुनाले हामीले त्यसबाट पनि सिक्नु पर्छ भन्ने छ । एकातिर धेरै संख्यामा जनशक्ति काम नपाएर बसेको अवस्था छ । त्यसले एउटा बेरोजगार जनशक्तिले विभिन्न खालका सामाजिक विकृतिहरु वितृष्णाहरु सृजना गरेको छ हाम्रो जनशक्ति भारतमा कम भन्दा कम मुल्यमा खाडीका मुलुकहरुमा काम

गर्न बाध्य छ भने अर्को तर्फ सरकारले दिनु पर्ने सेवाहरु हामीले चाहि सुचारु गर्न सकेका छैनौ त्यो कुराहरुलाई मध्येनजर गरिकन थोरै संख्या भए पनि ओएनएम भएका एउटा दरबन्दीमा रिक्त रहेका पदपूर्ति नभएका दरबन्दीहरुमा चाहि हामीले पहिलोपटक प्रदेश लोकसेवा खोल्नु पर्छ भनेर हामीले यो संशोधन अगाडी बढाएका हौ र निकट भविष्य मै यहाका रिक्त दरबन्दीमा पदपूर्ति गर्ने गरिकन यो प्रदेशका युवाहरुलाई एउटा अवसर दिने गरिकन हामी अगाडी बढिरहेका छौ । यद्यपी एउटा प्रदेश निजामति विधेयक अहिले पनि विधायन तथा प्रदेश मामिला समितिमा छलफलका क्रममा छ त्यो विधेयक पनि यो अधिवेशनमा सम्पन्न होस पास होस भनेर हामीले चाहेका थियौ त्यो के कति कारणले गर्दा खेरी यो विधायन तथा प्रदेश मामिला समितिले यसलाई सदन समक्ष आफ्नो प्रतिबेदन प्रस्तुत गर्न सकेन यो अलि दुखको कुरा पनि हो यति लामो समय सम्म छलफल अगाडी नबढ्नु भनेको त्यस्तै गरिकन यो प्रदेशका युवाहरुलाई सम्बोधन गर्ने खालको प्रदेश प्रहरी विधेयक पनि हामीले टेबुल गरेर सैद्धान्तिक छलफल टुङ्गिसकेपछी त्यो पनि विधायन तथा प्रदेश मामिला समितिमा छलफलका क्रममा छ त्यो पनि टुङ्गिन सकेको अवस्था छैन यद्यपी यो संघीय कानून नबनिसकेका खण्डमा प्रदेश कानून अगाडी नआउन पर्ने भन्ने खालको प्रावधान छ र पनि हामी आफ्नो अधिकार क्षेत्र भित्र पर्ने खालको संघले काममा तदारुकता देखाएन भने हामीले तदारुकता देखाउनु पर्छ र बाझिएको कानूनलाई फेरी संशोधनमा जानु पर्छ भन्ने कुराहरु पनि हाम्रो मक्सद हो संघ नचल्ने अनि हामी पनि थचक्क बस्ने भन्ने खालको कुराहरु आउदैन हामी अगाडी बढ्नु पर्छ बढ्दै गर्दा खेरी परेका अपठ्याराहरुलाई फेरी कानूनबाटै संशोधन गरेर अगाडी बढ्नु पर्ने भएको हुनाले हामीले चाहि यो प्रदेश सभामा यो लोकसेवा संशोधन विधेयकलाई अगाडी बढाएका छौ सुझाव दिनु हुने सम्पूर्ण माननीय सदस्यहरुलाई म धेरै धेरै धन्यवाद दिन चाहान्छु र हामीले आवश्यक कानूनमा धेरै परामर्श छलफल गरिकन अगाडी बढाएको हुनाले यसलाई यहाहरुका सुझावहरु समेत समावेश हुने गरिकन हामी अगाडी बढ्ने छौ भन्ने कुरा राख्न चाहान्छु र पुन: यो छलफलमा भाग लिनु हुने माननीय सदस्यज्यूहरुलाई धन्यवाद दिन चाहान्छु धन्यवाद ।

**माननीय सदस्यहरु,**

**"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथि दफावार छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

अब, **"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथि दफावार छलफलको क्रममा उठान भएका संशोधित व्यवस्थाहरुलाई विधेयकको अङ्ग बनाईयोस् भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११६ बमोजिम समूहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथि दफावार छलफलको क्रममा उठान भएका संशोधित व्यवस्थाहरु सर्वसम्मतिले विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब, विधेयकका २ देखि १५ सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू तथा सम्बन्धित उपदफाहरू **"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

*(हुन्न भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ देखि १५ सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू तथा सम्बन्धित उपदफाहरू सर्वसम्मतिले **"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** को अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब, विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

<u>प्रस्तावना</u> : प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम **"प्रदेश लोक सेवा आयोग (तेस्रो संशोधन) ऐन, २०७८"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन सुदूरपश्चिम प्रदेशभर लागू हुनेछ ।

**माननीय सदस्यहरू,**

अब, विधेयकको प्रस्तावना र नाम **"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले **"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू,

अव, विधेयक प्रस्तुतकर्ता आन्तरिक मामिला तथा कानून मन्त्री माननीय पूर्णा जोशीलाई **"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** लाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, **लाई संशो २०७६ ,प्रदेश लोक सेवा आयोग ऐन"धन गर्न बनेको विधेयक "** लाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली ,२०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब, आन्तरिक मामिला तथा कानून मन्त्री माननीय पूर्णा जोशीले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

**"प्रदेश लोक सेवा आयोग ऐन लाई संशोधन गर्न २०७६ ,बनेको विधेयक"** माथिको कारबाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, सामाजिक विकास राज्यमन्त्री माननीय मना कुमारी साउँदलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को खण्ड (क) बमोजिम **"सुदूरपश्चिम प्रदेश**

**खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको दफावार छलफल सभामा गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** लाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को खण्ड (क) बमोजिम विधेयक माथिको दफावार छलफल सभामा गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब, सामाजिक विकास राज्यमन्त्री माननीय मना कुमारी साउँदले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको दफावार छलफल सभामा गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू,

अब, **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथि दफावार छलफलको समय प्रारम्भ हुन्छ । छलफलको क्रममा विधेयकका दफाहरुमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनु हुने प्रत्येक माननीय सदस्यहरूको लागि ५ (पाँच) मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय प्रकाश रावललाई समय दिन्छु ।

**माननीय प्रकाश रावल**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश खेलकुद ऐन २०७६ मा २ वटा दफाहरु संशोधन गर्नु पर्ने देखिएकोले माननीय राज्यमन्त्रीज्यूले यहाँ छलफलका लागि पेश गर्नु भएको दफामा सामान्य हेर्दा यि महत्वपूर्ण रुपमा छुटेका दफा ४(१) मा प्रदेशको खेलकुद सदस्य सचिवको कार्यकाल कतिको हुने भन्ने कुराहरु छुटेको रहेछ त्यो अत्यन्त महत्वपूर्ण कुरा छुटेको हुदा यसलाई यसको कार्यकाल सुनिश्चित गर्ने अत्यन्तै महत्वपूर्ण कुरा रहेको छ यो कुरा आएको छ यो कुरा अत्यन्तै स्रहानिय र आवश्यक कुरा हो । यो कुरा महत्वपूर्ण कुरा भएको हुनाले यसलाई कार्यकाललाई सुनिश्चित गर्ने कुरा महत्वपूर्ण छ अर्को दफा ४ को ३ मा पनि खण्ड ङ देखि झ सम्मका कुराहरु रहेछन तर त्यसलाई न देखि ञ सम्म मिलाउनु पर्ने क्रमवद्ध मिलाउनु पर्ने कुराहरु छुटेका रहेछन यो सामान्य कुरालाई पनि यहा आवश्यक

कुराहरु छुटेको हामीले महसुस गर्यौ र यो कुरा पनि अत्यन्तै महत्वपूर्ण छ यसमा छुटेका कुराहरु ल्याउनु भएकोमा म राज्यमन्त्रीज्यूलाई धन्यवाद दिन चाहान्छु र यो खेलकुद क्षेत्रमा काम गरिरहेका अर्थात खेलकुद क्षेत्रलाई गतिशिल बनाउने यो समितिलाई व्यवस्थित ढंगले गर्ने कुराहरुमा सामाजिक विकास मन्त्रालयको ध्यानाकर्षण भएको कुरामा म सामाजिक मन्त्रीज्यूहरुलाई पनि ध्यवाद दिन चाहान्छु र यि आवश्यक पर्ने कुराहरु समयमा आएको हुनाले यो कुरा संशोधन गर्न अति महत्वपूर्ण रहेको छ यती कुरा राख्दै म विदा हुन्छु धन्यवाद नमस्कार ।

**माननीय श्यामलाल राना थारु**

माननीय सभामुख महोदय, हाम्रो जस्तो अल्पविकसित मुलुकमा बास्तवमै खेलकुद क्षेत्रले नै विश्वमा हाम्रो चिनारी दिएको छ । त्यस कारणले यो खेलकुद जगतलाई एकदमै महत्वपूर्णका साथमा हाम्रो सरकारले लिनु पर्छ भन्ने मनसायले हाम्रो प्रदेश सरकारले पनि यो ऐन ल्याएको हो र बास्तवमा खेलकुद क्षेत्रमा विगत देखि राजनितिकरण बढ्दै गएको छ यसलाई राजनिति भन्दा टाढा राख्नु पर्छ भन्ने हाम्रो मान्यता हो । स्वतन्त्र रुपमा यो चाहि खेलकुद क्षेत्रलाई अगडी बढाउनु पर्छ भन्ने सुझावका साथ साथै यो प्रदेश सरकारले जुन विधेयक हाम्रो आएको छ यस सुदूरपश्चिम प्रदेशमा खेलकुद जगतलाई समग्र विकास गर्नको लागि जुन विधेयक पास भएको छ यसमा केही सामान्य त्रुटीहरु देखिएको हुनाले सुदूरपश्चिम सरकारले अहिले सामाजिक विकास मन्त्रीज्यूले संशोधनका लागि प्रस्ताव गर्नु भएको छ बास्तवमै यो विधेयकको दफा ३ मा खेलकुद परिषद गठन गर्ने व्यवस्था छ यसमा विभिन्न समावेशी तरिकाले विज्ञहरु र खेलकुद जगतमा जुन लामो समय देखि काम गरेका व्यक्तिहरुलाई मनोनयन गर्ने व्यवस्था छ त्यो व्यवस्थामा खण्ड न देखि झ सम्मका जुन पदाधिकारी छन् तिनिहरुको पदावधि तोकिएको रहेछ र जुन सदस्य सचिव अध्यक्षको सिफारीसमा जुन सरकारले नियुक्त गर्नु पर्ने व्यवस्था छ त्यसको पदावधि छुटेको रहेछ हुन त साथिहरुले धेरै मेहनत गर्नु भएको होला यसमा त्यो छुटेको हुनाले यसमा समावेश गर्न अनिवार्य देखिएकाले यो दफा ४ को खण्ड न देखि झ भन्ने शब्दको सट्टामा जुन ञ लाई समेट्ने प्रयास गरिएको छ यो एकदम औचित्यपूर्ण छ यसको हुनु पनि स्वभाविक हो भन्ने मलाई लाग्छ र यो विधेयकलाई संशोधन गर्न अनिवार्य भएको हुनाले यहाँ पेश गरिएको छ यसको संशोधन भएर तत्काल लागु होस भन्ने पनि मेरो मान्यता छ र ६ दिन पछि जुन घटस्थापना हुदैछ हामी नेपालीहरुको महत्वपूर्ण चार्ड विजय दशमीको सबै साथिभाइहरु, सबै नेपालीहरुलाई हार्दिक मंगलमय शुभकामना पनि दिदै आफ्नो मनतव्य यही राख्न चाहान्छु धन्यवाद ।

**माननीय विरमान चौधरी**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश खेलकुद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकको २ वटा दफामा खासगरेर सरकारले ल्याएको छ । यसमा धेरै टिप्पणी गर्ने खालको छैन यो हाम्रो आवश्यकताका आधारमा विधेयकहरु संशोधन हुने गर्दछन र यो हामी काम गर्दै जाने क्रममा धेरै कुराहरु छुट्दो रहेछ त्यसलाई परिपूर्ण गर्ने हिसाबले जस्तै सदस्य सचिवको व्यवस्थालाई साविकको व्यवस्था र अहिलेको व्यवस्थालाई स्पष्ट गरेको छ यसको पदावधि कति बर्ष रहने र कसरी चाहि यसलाई व्यवस्थापन गर्ने भन्ने सन्दर्भमा यो सरकारले ल्याएको विधेयक यसलाई पारित गरिनु पर्दछ र

यसको सँग सँगै हटाउने भन्ने व्यवस्था पनि छुट्न गाको रहेछ । यसलाई कुन निकायले स्पष्टीकरण लिने र कसले चाहि हटाउन सक्ने भन्ने विषय यसलाई पनि स्पष्ट गर्या छ । मनोनित गर्ने निकायले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदमुक्त गर्न सक्नेछ भनेर हाम्रो छुटेको रहेछ त्यसरी पदमुक्त गर्दा सम्बन्धीत सदस्यहरुलाई भनेर जो सफाइको मौका पनि दिएको छ यसले चाहि संसदीय व्यवस्था अनुसार मिलाउन आवश्यक छ भनेर यहा उल्लेख गर्यो यसले गर्दा खेरी जिल्ला र प्रदेशको ४ बर्षकै अवधिलाई नै यसले कायम गरेको भन्ने यसको अर्थमा मैले बुझे र त्यसको सँग सँगै अब यसको आवश्यकता के हुन्छ त्यो गर्दै जाने हो मैले त्यसमा धेरै भन्न चाहेन र यो विधेयकलाई किन की सरकारले खेलकुद परिषद चाहि गठन गरिसकेको सन्दर्भमा यसलाई सदनबाट पास गर्नु पर्दछ र नेपालीहरुको महान चाडै विजय दशमी नजिकै आइसकेको छ हाम्रो आगनमा त्यसको चाहि म सभामुख मार्फत माननीय सदस्यहरुलाई र यहा हाम्रा प्रदेश वासि र देशवासि सबैमा हार्दिक शुभकामना व्यक्त गर्दै विदा हुन्छु हवस त धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब, विधेयक प्रस्तुतकर्ता सामाजिक विकास राज्यमन्त्री माननीय मना कुमारी साउँदलाई **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथि छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, माननीय प्रकाश रावल, माननीय श्यामलाल राना र माननीय विरमान चौधरीले महत्वपूर्ण सुझाव सल्लाहा दिनु भएको छ कि हाम्रो सुदूरपश्चिम प्रदेश खेलकुद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकमा महत्वपूर्ण विषयबस्तु छुटेको थियो । यो विषयबस्तुलाई सदस्य सचिवको एउटा कार्य अवधि ४ बर्ष एउटा महत्वपूर्ण विषयलाई यो विधेयकमा समावेश गरिएको छ र यसलाई खेलकुद जगतमा एउटा मर्यादित र व्यवस्थित पार्नको निमित्त हाम्रो सामाजिक विकास मन्त्रालय अर्थात प्रदेश सरकारले यो खेलकुदलाई व्यवस्थित ढंगले लैजाने कुरामा विषय छुटेका विषयबस्तुहरुलाई समावेश गरेको छ यस विषयमा माननीयज्यूहरुले महत्वपूर्ण सल्लाह सुझावहरु दिनु भएको छ । अब यो सुदूरपश्चिम प्रदेश खेलकुद विधेयक कार्यान्वयनमा छिटो भन्दा छिटो जाने छ भन्ने कुरा यहाहरुको बीचमा सभामा मन्त्रालयको तर्फबाट जानकारी तथा एउटा प्रतिबद्धता व्यक्त गर्दै माननीयज्यूले दिएका सुझाव सल्लाहलाई ग्रहण गर्दै म विदा हुन्छु धन्यवाद ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" माथि दफावार छलफलको** निर्धारित समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

अब, **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथि दफावार छलफलको क्रममा उठान भएका संशोधित व्यवस्थाहरुलाई विधेयकको अङ्ग बनाईयोस् भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११६ बमोजिम समूहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथि दफावार छलफलको क्रममा उठान भएका संशोधित व्यवस्थाहरु सर्वसम्मतिले विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू,

अब, विधेयकको दफा २ तथा सम्बन्धित उपदफाहरू **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

*(हुन्न भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ विधेयकको दफा २ तथा सम्बन्धित उपदफाहरू सर्वसम्मतिले **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** को अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब, विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

<u>**प्रस्तावना**</u> : सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,
सुदुरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम **"सुदूरपश्चिम प्रदेश खेलकूद (पहिलो संशोधन) ऐन, २०७८"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**माननीय सदस्यहरू,**

अब, विधेयकको प्रस्तावना र नाम **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** को अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अव, विधेयक प्रस्तुतकर्ता सामाजिक विकास राज्यमन्त्री माननीय मना कुमारी साउँदलाई **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** लाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** लाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब, सामाजिक विकास राज्यमन्त्री माननीय मना कुमारी साउँदले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेश खेलकूद ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको कारबाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

सार्वजनिक लेखा समितिका सदस्य माननीय गोविन्द राज बोहरा, माननीय डिल्लीराज पन्तलाई सामाजिक विकास समितिमा र अर्थ विकास तथा प्राकृतिक स्रोत समितिका सदस्य माननीय रतन बहादुर थापालाई सार्वजनिक लेखा समितिमा सारिएको छ । माननीय माया भट्टलाई सामाजिक विकास समितिमा, माननीय

पठान सिह बोहरा, माननीय अर्चना गहतराजलाई सार्वजनिक लेखा समितिमा, माननीय प्रकाश बहादुर शाह र माननीय कृष्णराज सुवेदीलाई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिको सदस्यमा मनोनयन गरिएको व्यहोरा जानकारी गराउदछु ।

**माननीय सदस्यहरु,**

अब, प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पत्र पढेर सुनाउछु ।

मिति :- २०७८/०६/१४

माननीय सभामुखज्यू
प्रदेश सभा,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

विषय :- प्रदेश सभाको आठौं अधिवेशन अन्त्य सम्बन्धमा ।

नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेश सरकार (मन्त्रिपरिषद्) को सिफारिशमा प्रदेश सभाको आठौं अधिवेशन मिति २०७८ साल असोज १५ गते शुक्रबार राती १२:०० बजे देखी लागु हुने गरी अन्त्य गरेको छु ।

(गंगा प्रसाद यादव)
प्रदेश प्रमुख

<u>बोधार्थ</u>

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

**माननीय सदस्यहरु,**

यो अधिवेशनको शुभारम्भ मिति २०७८।०२।२१ गते शुक्रबारको दिनबाट भएको थियो । यो अधिवेशन प्रारम्भ भई हालसम्म कार्य गर्दा देहाय बमोजिमका मुख्य कार्यहरू सम्पन्न भएका छन् :-

**९क० विचाराधिन विधेयकहरु :**

१. सुदूरपश्चिम प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक , २०७८
२. दलित सशक्तिकरण सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७
३. प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**९ख० पारित विधेयकहरु :**

१. सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७
२. सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७

३. सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७८
४. आर्थिक वर्ष २०७८/०७९ को विनियोजन विधेयक, २०७८
५. सुदूरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७
६. प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक
७. प्रदेश खेलकुद सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ लाई संशोधन गर्न बनेको विधेयक

**९ग० प्रमाणीकरण भएका विधेयकहरु :**

१. सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७
२. सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७
३. सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७८
४. आर्थिक वर्ष २०७८/०७९ को विनियोजन विधेयक, २०७८

**९घ०** यस सभाको आठौं अधिवेशन २३ दिनसम्म संचालन भएको थियो । उक्त अवधिमा जम्मा समय ३५ घण्टा २७ मिनेटमा जम्मा २७ वटा बैठक सम्पन्न भएका थिए ।

**९ङ०** यस अधिवेशनमा विशेष समय ३ पटक र शुन्य समय १ पटक संचालन भएको थियो ।

**माननीय सदस्यहरु,**

यस आठौं अधिवेशनको अन्तिम वैठकको कारबाही यही समाप्त हुन्छ ।

अन्तमा यस सभाको आठौं अधिवेशनमा सभाको मर्यादा कायम राखी अनुशासित भई बैठक सञ्चालनमा सहयोग पुऱ्याउने सम्पुर्ण माननीय सदस्यहरु, सचिवालयका कर्मचारीहरु, मर्यादापालकहरु र सुरक्षाकर्मीहरुलाई धन्यवाद दिंदै आठौं अधिवेशन यही अन्त भएको घोषणा गर्दछु । धन्यवाद